# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, माघ १९ गते, २०८२ साल (संख्या ६१

## भाग ५

## संघीय संसद

## राष्ट्रिय सभाको

### सूचना १

संवत् २०८० सालको राष्ट्रिय सभा सदस्य निर्वाचनमा नेपाली कांग्रेस पार्टीको तर्फबाट सुदूरपश्चिम प्रदेशबाट निर्वाचित श्री बलदेव बोहराको मिति २०८२।०९।३० मा निधन भएकोले नेपालको संविधानको धारा ८९ को खण्ड (च) बमोजिम राष्ट्रिय सभा सदस्यको पद रिक्त भएको जानकारी संवत् २०८२ साल माघ ९ गते बसेको राष्ट्रिय सभाको बैठकमा गराइएको हुँदा राष्ट्रिय सभा नियमावली,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०७५ को नियम १८६ को उपनियम (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २

नेपालको संविधानको धारा ८६ को उपधारा (२) को खण्ड (ख) बमोजिम सम्माननीय राष्ट्रपतिबाट मनोनित श्री बामदेव गौतमले मिति २०८२।१०।०५ देखि लागु हुने गरी राजीनामा दिनु भएकोले राष्ट्रिय सभा सदस्यको पद नेपालको संविधानको धारा ८९ को खण्ड (क) बमोजिम रिक्त भएको हुँदा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १८६ को उपनियम (३) बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३

संवत् २०७६ सालको राष्ट्रिय सभा सदस्य निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) हाल नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट गण्डकी प्रदेशबाट निर्वाचित श्री भगवती न्यौपानेले मिति २०८२।१०।०५ देखि लागु हुने गरी राजीनामा दिनु भएकोले राष्ट्रिय सभा सदस्यको पद नेपालको संविधानको धारा ८९ को खण्ड (क) बमोजिम रिक्त भएको हुँदा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १८६ को उपनियम (३) बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४

संवत् २०७६ सालको राष्ट्रिय सभा सदस्य निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) हाल नेपाली कम्युनिष्ट पार्टीको तर्फबाट गण्डकी प्रदेशबाट निर्वाचित श्री नारायण काजी श्रेष्ठले मिति २०८२।१०।०५ देखि लागु हुने गरी राजीनामा दिनु भएकोले राष्ट्रिय सभा सदस्यको पद नेपालको संविधानको धारा ८९ को खण्ड



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) बमोजिम रिक्त भएको हुँदा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १८६ को उपनियम (३) बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**तुल बहादुर कंडेल**
**सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.द.ह.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।